लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

भैरहवा, रुपन्देही

प.स. २०८०/०८१
च. न. ५८

मिति : २०८०।५।२७

श्री सामुदायिक विद्यालय
रूपन्देही तथा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

**विषय : खुला वक्तृत्वकला प्रतियोगिता सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा संविधान दिवस २०८० को अवसरमा यस डिभिजनन्तर्गतका रूपन्देही र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका सामुदायिक विद्यालयका कक्षा (९- १२) मा अध्ययनरत विद्यार्थीहरूका बिचमा **संविधान र सङ्घीयता** शीर्षकमा खुला **वक्तृत्वकला** प्रतियोगिता आयोजना गरिएको हुँदा उक्त प्रतियोगितामा सहभागी हुन चाहने विद्यालयहरूले तपसिलको मिति, स्थान र समयमा नाम दर्ता गराउन सकिने ब्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। निर्धारित समयपछि प्राप्त हुने निवेदन वा विद्यार्थीलाई प्रतियोगितामा सहभागी गराइने छैन।

**तपसिल**

**प्रतियोगिता सञ्चालन**

मिति : २०८०।६।२ गते

स्थान: सामाजिक विकास डिभिजन कार्यालय रूपन्देही।

समय :बिहान ११ बजे

प्रतियोगितामा सहभागिता जनाउनाका लागि पालना गर्नुपर्ने नियमहरु

२०८०।५।२६
कार्यालय प्रमुख

१.एक विद्यालयले १ जना मात्र ( छात्र वा छात्रा) सहभागी गराउन सक्ने छ।

२. सहभागीले विद्यालयको सिफारिस पत्र ( विद्यार्थीको नाम थर ,कक्षा .सेक्सन लगायतको विवरण खुलेको) पेस गर्नुपर्ने छ।

३.विद्यार्थी सहभागी गराउन चाहने विद्यालयले यस कार्यालयको इमेल ठेगाना sddo.rupandehi@gmail.com मा मिति २०८०।६।१ गते ५।०० बजेभित्र सहभागिताको पत्र पठाउनुपर्ने छ। आवश्यक जानकारीका लागि मो. नं ९८६७१८१२६० मा सम्पर्क गर्न सकिने छ। ४. प्रस्तुतीकरण नेपाली भाषामा हुनुपर्ने छ।

५. प्रत्येक प्रस्तुतिमा चार मिनेटमा जनाउ घण्टी बज्ने छ भने पाँच मिनेटमा आफ्ना भनाइहरू टुङ्ग्याइसक्नुपर्ने छ।

६ विषयवस्तुको ज्ञान, हाउभाउ, भाषिक शुद्धता र अनुच्छेदयोजना, प्रस्तुति शैलीलाई मूल्याङ्कनको आधार बनाइने छ।

७ निर्याणाक मण्डलको निर्णय नै अन्तिम हुने छ। ८. विद्यार्थी विद्यालय पोसाक र परिचयपत्रसहित उपस्थित हुनुपर्ने छ।

९ पुरस्कार :.प्रथम पुरस्कार रु ७.०००। द्वितीय परस्कार रु ५.०००। ततीय परस्कार रु ३.०००। सान्त्वना रु १.०००।



CamScanner